मुख्य न्यायाधिवक्ताको कार्यालय
बागमती प्रदेश
हेटौंडा, नेपाल

# निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

प्रकाशित मिति: २०८०।११।२३

यस कार्यालयको स्थापना दिवस- २०८० (२०८०।१२।१२) को उपलक्ष्यमा खुला निबन्ध प्रतियोगिता आयोजना गर्न लागिएको हुँदा सहभागिताको लागि निबन्ध माग गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिएको छ । तपसिलमा उल्लेखित सर्त पूरा नभएको निबन्धलाई प्रतियोगितामा समावेश गरिने छैन ।

## तपसिल

१. निबन्धको शीर्षक **"सङ्घीयताको सुदृढीकरणमा मुख्य न्यायाधिवक्ताको भूमिका"** हुनेछ ।
२. निबन्ध कही कतै प्रकाशन र प्रशारण नगरिएको तथा मौलिक हुनु पर्नेछ ।
३. निबन्ध तोकिएको विषयवस्तुमा केन्द्रित भइ २५०० शब्द मा नबढाइ लेखिएको हुनु पर्दछ र निबन्धलाइ नेपाली भाषामा प्रिती फन्ट वा युनिकोडमा टाइप गरेको हुनु पर्नेछ ।
४. निबन्ध २०८० साल चैत्र ५ गते भित्र यस कार्यालयको इमेल ठेगाना **caobagmati@gmail.com** मा पठाउनु पर्नेछ ।
५. उत्कृष्ट निबन्धहरुलाई यस कार्यालयबाट प्रकाशन हुने जर्नलमा प्रकाशन गर्न प्राथमिकता दिइने छ ।
६. निर्णायक समितिको निर्णय अन्तिम हुनेछ ।
७. लेखकले निबन्ध उपलब्ध गराउँदा आफ्नो परिचय खुल्ने कागज, ठेगाना, इमेल र मोबाइल नम्वर समेत पठाउनु पर्नेछ ।
८. २०८० साल चैत्र ९ गते प्रथम, द्वितीय, तृतीय र दुई जना सान्त्वना गरी उत्कृष्ट ५ जनाको सूची कार्यालयको वेवसाइटमा प्रकाशन गरिनेछ ।
९. यस कार्यालयको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा उत्कृष्ट ५ निबन्धकारहरुलाई प्रमाणपत्र सहित निम्न पुरस्कारबाट पुरस्कृत गरिनेछ ।
   - प्रथम पुरस्कार: नगद रु १०,०००।
   - द्वितीय पुरस्कार: नगद रु ७,०००।
   - तृतीय पुरस्कार: नगद रु ५,०००।
   - सान्त्वना पुरस्कार: नगद रु ४,०००। (दुई जना)
१०. स्थापना दिवसमा आयोजित कार्यक्रममा छनौट भएका निबन्धहरुलाई वाचन गर्ने व्यवस्था गरिने छ ।
११. कानुनविद्, प्राध्यापक, कानुन व्यवसायी, सरकारी वकिल, शिक्षक, विद्यार्थी, प्रहरी लगायत जो सुकै नेपाली नागरिक सहभागी हुन सक्नेछन् ।

नोट: थप जानकारीको लागि यस कार्यालयको वेवसाइट www.cag.bagmati.gov.np लग इन गर्ने वा फोन नं. ०५७-५२२६९८ मा सम्पर्क गर्न सकिने छ ।

ठाकुर राम भण्डारी
सहायक न्यायाधिबक्ता